स्वर्गद्वारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिंग्री, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

## विज्ञापन करको आय ठेक्का सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/०९**

स्वर्गद्वारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय प्यूठानले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ र दफा ६४ को ग बमोजिम नगरपालिकाको निर्णयमा तपसिलमा उल्लेखित आय शिर्षकहरुमा निम्नानुसारको न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०८३-०८४ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक दर्तावाला फर्म, निर्माण व्यवसायीबाट आफूले लिन चाहेको ठेक्काको दरभाउ पत्र फाराम दस्तुर फिर्ता नहुने गरी यो सूचना प्रकाशन भएको मितिले तपसिलमा उल्लेखित समयभित्र दर भाउ पत्र फारम खरिद गरी आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिद्वारा कबोल अंक(भ्याट सहित) को ५% ले हुन आउने रकम धरौटी यस कार्यालयको नाममा कृषि विकास बैंक, भिंग्री शाखामा रहेको ०९२४३००९८२६१८०४५ धरौटी खातामा वा १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको विडवण्ड र दरभाउ पत्र खरिद गरेको रकम रु. १,०००।- कृषि विकास बैंक भिंग्री शाखामा रहेको नगरपालिकाको आन्तरिक राजश्व खाता ०९२४३००९८२६१८०१६९ मा नगरमा आई नगदै बुझाउनुहुन वा राजश्व दाखिला भौचर भरी बैंकमा स्थानीय तह राजश्व पोर्टल (https://sutrarevenue.fcgo.gov.np) मा राजश्व दाखिला गरी भौचर बनाई अनलाइन भुक्तानी गर्न सक्ने वा सो पोर्टल सिर्जित भौचर बैंकमा पेश गरी राजश्व दाखिला गरी सोको भौचर दरभाउ पत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्रदाताको सही छाप गरि तोकिएको दिनको १२:०० वजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने लगायतका सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । थप जानकारीका लागि नगरपालिकाको सूचना पाटीमा हेर्न वा कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ । साथै शर्त तथा बन्देज एंव शुल्क लिने दररेट सम्बन्धी विस्तृत विवरण दरभाउ पत्र फारम साथ संलग्न रहनेछ ।

तपसिलः

| ठे.न. | कर दस्तुरको विषय (शिर्षक) | कार्यालयको न्यूनतम अंक रु(मू.अ. कर सहित) | दरभाउपत्र फारम दस्तुर रु |
|---|---|---|---|
| | | | |

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिङ्, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८३-<br>८४ | विज्ञापन कर | रु. ३,२५,०००/- | रु. १,०००/- |

विज्ञापन करको दररेट

१. व्यवसायिक परिचयको लागि बढीमा २० वर्ग फिट सम्म मात्र राख्न पाइने छ । सो भन्दा ठुला आकार प्रकारको राख्नु परेमा नगर कार्यपालिकाको स्वीकृती लिई नियमानुसार तोकिएको कर लाग्ने छ ।

२. बिदेशी तथा मल्टीनेशनल कम्पनीहरुको बिज्ञापन सामग्रीहरुमा दोब्बर बिज्ञापन कर लिइनेछ ।

३. विज्ञापन सामाग्रीहरुलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्दै लाने नीति अवलम्बन गरिने छ ।

४. नगरपालिकाको बिज्ञापन सामग्रीहरुलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिने नीति अनुसार नगरपालिका क्षेत्रको मुख्य क्षेत्रमा डिजिटल तथा ग्लो बोर्ड मात्र राख्न अनुमति दिइने छ ।

५. आर्थिक ऐनमा उल्लेख गरिएको स्थितिमा भन्दा बाहेकका बिज्ञापन प्रयोजनले घर र पसल, होटल, रेष्टुरेन्ट, शोरुम, पेट्रोल पम्प, सिनेमा हल, प्राइभेट आस्पताल, मेला, महोत्सब, बैंक, तथा वित्तीय संस्था भित्र वा बाहिर राखेका बिज्ञापन जन्य बोर्ड, पोस्टर, पम्प्लेट, झन्डा, सटर पेन्टीङ्ग जस्ता सबै सामग्रीहरुको ऐनमा उल्लेख भए बमोजिम कर लाग्ने छ । कुनै फर्म र कम्पनीले आफ्नो व्यापार प्रवर्धनका लागि आफ्नो ब्रान्ड कलर तथा विज्ञापन सामग्रीहरु नगर क्षेत्र भित्रका व्यवसायिक घर र पसल, होटल, रेष्टुरेन्ट, शोरुम, मल, कम्प्लेक्स, पेट्रोल पम्प, सिनेमाहल, प्राइभेट अस्पताल बैंक तथा वित्तीय संस्था भित्र वा बाहिर जुन ठाउमा विज्ञापन गरेपनि त्यसको सम्पूर्ण कर लाग्ने छ ।

| विवरण | दर रकम |
|---|---|
| नगरपालिका भित्रका सार्वजनिक स्थानहरुमा होडिङ बोर्ड बाट प्रति वर्ग फिट | ९०/- |
| निजी स्थानहरुका होडिङ बोर्ड | ८५/- |
| व्यवसायीक भित्ते लेखनमा प्रति वर्गफिट | ४०/- |
| पोलमा राखिने विज्ञापन सामाग्री प्रति स्क्वायर फिट बोर्ड प्रति एकको | १८०/- |
| व्यानर । हस्त लिखित वा प्रिन्ट) सार्वजानिक स्थानमा प्रति गोटा प्रति हप्ता १४ दिन सम्मको लागि | १५०/- |
| व्यानर हस्त लिखित वा प्रिन्ट) सार्वजानिक स्थानमा प्रति गोटा प्रति हप्ता १४ दिन माथिको लागि | १००/- |
| व्यवसायिक विज्ञापनका लागि माईकिङ गाडी वा रिक्साबाट प्रति दिन | ५००/- |
| मादक पदार्थ प्रति स्क्वायरफिट थप | १२०/- |
| सुर्तिजन्य पदार्थ प्रति स्क्वायरफिट थप | १००/- |
| स्टल, डमी तथा घुम्ती प्रचार प्रसार प्रति दिन | ५००/- |

Scanned with CamScanner

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिङ्गु, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| व्यवसायिक स्थानमा गेट, स्वागतद्वार, बेलुन प्रति हसा | २०००/- |
| भिजनबल बोर्ड प्रति स्क्वार फिट | ५००/- |
| २ डि, ३ डि, फ्लेक्स प्रिन्ट, साइनबोर्ड, डिजिटल डिस्प्ले, एलसीडी बोर्ड, सीड बोर्ड, ग्लो साइन प्रोजेक्टर, स्टल डिस्पले चलचित्र बोर्ड र अन्य वार्षिक प्रति वर्ग फुट | ५००/- |
| व्यवसायिक घुम्ती प्रचार प्रसार प्रति दिन प्रति एकका | १५००/- |
| | |
| रोडक्रस व्यानर, ओभरहेड व्यानर, तुम व्यानर, पोल व्यानर, यन्टिङ्ग व्यानर सवारी साधनमा राखिने व्यानर प्रति दिन प्रति एकक | १००/- |
| छाता, येलुन, डमी, स्टलहरु, भ्याकुम प्रयोगमा प्रतिगोटा प्रति हसा फेल्लजर, स्टिकर, लगायतका विज्ञापनको | ५००/- |
| ४ वर्ग फिट सम्मका व्यवसायिक पोस्टर पम्लेट प्रतिदिन प्रति गोटा | १५/- |
| ४ बर्ग फिट भन्दा ठुला व्यबसायिक पोस्टर पम्लेट प्रतिदिन प्रति गोटा | २०/- |
| नगरपालिकाको डिजिटन वोर्डमा विज्ञापन राख्नु परेमा प्रतिमहिना (भिडियो बढीमा ३० सेकेन्डको हुनु पर्ने छ ) | १५००/- |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा प्रति बर्ष (भिडियो बढीमा ३० सेकेन्डको हुनु पर्ने छ ) | १००००/- |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा अक्षरमात्र प्रतिमहिना | ५००/- |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा अक्षरमात्र प्रति बर्ष | ५०००/- |
| व्यवसायिक परिचयपाटी | ५००/- |

दरभाउ पत्र दाखिला गर्ने अवधिः २०८३-०५-०९ देखि २०८३-०५-१६ दिनको १२:०० बजे
दरभाउ पत्र खोलिने स्थान, मिति र समयः स्व.न.पा २०८३-०५-१६ दिनको २:०० बजे

शर्त तथा बन्देजहरु :

१. यस नगरपालिका क्षेत्रभित्र व्यापार गर्ने स्थानमा राखिएको व्यवसायी बोर्ड बाहेक आफ्नो व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले अन्यन्त्र ठाउँमा राखिएको विज्ञापनमा मात्र विज्ञापन कर उठाउन सकिनेछ ।

२. संघ, प्रदेश सरकार र नगरपालिकाले बेला बेलामा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

३. ठेकेदार र नगरपालिका कार्यालय बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसारको शर्त तथा बन्देज समेत राखिनेछ।

४. दरभाउ पत्र फारम खरीद गर्दा फर्म दर्ता, स्थायी लेखा नम्बर (मुल्य अभिवृद्धि कर दर्ता समेत) र आ.व. २०८१-०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५. मु.अ.कर, आयकर तथा अन्य कुनै कर, शुल्क लागेमा ठेकेदार आफैले व्यहोर्नु पर्नेछ।

६. ठेक्काको सम्झौताका बखत आफुले कवोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम सम्झौताका बखत दाखिला गर्नुपर्ने छ ।

७. बोलपत्रमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

Scanned with CamScanner

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिंगृ, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

... कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको पाईएमा पहिलो पटक रु. ५,०००।-, पुनः दोहोरिएमा पटके पिच्छे रु. १०,०००/-जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

९. कर असुली वस्तु उत्पादन हुने सम्बन्धित ठाउंमा मात्र गर्नुपर्ने छ। राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरुमा ढांट राखी कर लिन पाईनेछैन। साथै दररेट सहितको साईनबोर्ड सम्बन्धित घाटमा राखुपर्नेछ ।

११. ठेक्का स्वीकृत भई सम्झौता पश्चात संघ र प्रदेश सरकार, नगरपालिका वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनैपनि बन्द, हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन ।

१२. दरभाउ पत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन तोकिएको समयमा नै क्रमशः खरिद तथा दाखिला गर्न सकिनेछ ।

१३. विज्ञापन कर असुल गर्दा नगरपालिकाको क्षेत्र भित्र निजि एंव सार्वजनिक स्थानहरुमा गरिएको विज्ञापनमा तोकिएको दर रेटको अधिनमा रहि असुल उपर गर्नु पर्ने छ। विज्ञापन दाताले नगर क्षेत्र भित्र बाट विज्ञापन हटाएमा कर असुल उपर गर्ने पाइने छैन।

१४. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

..............................
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

स्वर्गद्वारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिंग्री, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

दरभाउपत्र फारम नं. ०२-०८३-८४

नगरपालिका क्षेत्र भित्रको बिज्ञापन करको आय ठेक्काको शिलबन्दी दरभाउपत्र फारम

| क्र.सं. | विवरण | २०८३ सालको बाँकि अवधी देखि सूचनामा तोकिएको अवधि/२०८४ साल असर मसान्तसम्मको कबोल रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा रु. | अक्षरमा | भ्याट सहितको बोल कबोल रकमको ५% ले हुने रकम | |
| १. | नगरपालिका क्षेत्र भित्रको विज्ञापनकर | | | | |

दरभाउपत्र दाताको:

नामः

ठेगानाः

मितिः

दस्तखतः

Scanned with CamScanner